सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

# आ.व. ०७५।०७६ को ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेलको आन्तरिक विक्री तथा वाह्य निकासी कर उठाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५।०४।१३)**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को प (७) र आर्थिक प्रशासन नियमावली २०६४ यस सिद्धिचरण नगरपालिका ओखलढुंगाबाट आ.व.०७५।०७६ को लागि देहाय बमोजिमका नदी खोलानालाबाट उत्खनन् हुने ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदिको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म, कम्पनी, व्यक्तिहरुबाट तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी निम्नानुसारको विषयक्षेत्रको शिलवन्दी बोलपत्र खरिद गरी रु.१० को टिकट टाँस सहित पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

ठेक्का सम्वन्धी :

| ठेक्का नं. | ठेक्का सम्बन्धी विवररण | नदी/खोला/स्थान | कायम भएको न्यूनतम अङ्क | वोलपत्र फारम दस्तुर | मु.अ. कर वाहेक |
|---|---|---|---|---|---|
| १/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | लिपेखोला माथिल्लो, तल्लो र बीच समेत | रु.४,१२,०००।- (चार लाख बाह्र हजार) | १०००।- | |
| २/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | मोलुङ्खोला/अधेरी | रु.२,००,०००।- (दुई लाख) | १०००।- | |
| ३/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | ठोट्नेखोला/धनमुढा र ओडारे | रु.२,७५,०००।-(दुई लाख पचहत्तर हजार) | १०००।- | |
| ४/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | दुधकोशी/मुलघाट, तलुवा | रु.१,२५,०००।- (एक लाख पच्चिस हजार) | १०००।- | |
| ५/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | सिस्नेखाला तल, माथि र बीच समेत | ३,५०,०००।- (तिन लाख पचास हजार) | १०००।- | |
| ६/०७५/०७६/ राजश्व/ओखलढुंगा | ढुंगा गिट्टी, वालुवा, ग्राभेल | पोक्तीङ्ग खोला बिगुटार | १,००,०००।- (एक लाख) | १०००।- | |

**शर्तहरु :**

१. बोलपत्र फाराम यस कार्यालयको प्रशासन शाखाबाट रु.१०००।-(एक हजार) रुपैयाँ (फिर्ता नहुने गरी) तिरी म्याद भित्र कार्यालय समयमा प्राप्त हुनेछ ।

२. बोलपत्र फाराम दर्ता गर्ने समय बोलपत्र फाराम खरिद गर्ने म्याद सकिएको भोलिपल्ट वा १६ औं दिन दिनको १२:०० वजे भित्र दर्ता गराई सक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट १२:०० वजे भित्र दर्ता गराई सक्नु पर्नेछ ।

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

३. बोलपत्र फाराम १६ औं दिनको २:०० बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधि कर्मचारीहरु एवं ठेकेदार तथा ठेकेदारको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । ठेकेदार तथा ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि टेन्डर खोल्न बाधा पर्ने छैन ।

४. शिलवन्दी बोलपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको ५% (प्रतिशत) ले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. २०७०३०३००७१०२ मा जम्मा गरेको भौचर शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र फाराममा कबोल रकम अङ्क र अक्षरमा स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । अङ्कमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

७. कुल कबोल अङ्कलाई ३ (तीन) किस्ता कायम गरिनेछ । पहिलो किस्ता बापत कूल कबोल अङ्कको ५०% (प्रतिशत) रकम सम्झौताको समयमा बुझाउनु पर्नेछ । कूल कबोल अङ्कको २५% (प्रतिशत) रकम २०७५ पौष मसान्तसम्म र बाँकी २५% (प्रतिशत) रकम २०७६ आषाढ मसान्तसम्म वुझाउनु पर्नेछ । प्रथम किस्ता वुझाएपछि हुन आउने बाँकी रकमको २०७६ आषाढ मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) ठेक्का सम्झौता गर्दा पेश गर्नु पर्नेछ ।

८. कबोल अङ्कको १.५% (प्रतिशत) अग्रिम आयकर र नियमानुसार लाग्ने मूल्य अभिबृद्धि कर ठेकेदार स्वयम्ले तिर्नु पर्नेछ ।

९. ठेक्का सम्झौता गर्दा कबोल गरेको रकम एकमुष्ट बुझाएमा १०% (प्रतिशत) छुट दिईने छ ।

१०. इच्छुक व्यक्तिहरुले नागरिकताको प्रतिलिपि र संस्था वा कम्पनीको हकमा दर्ता प्रमाण-पत्र नविकरण र आ.व.०७३।०७४ को कर चुक्ता प्रमाण पत्र वैंकको प्रमाणित प्रतिलिपि समेत बोलकबोल अङ्क उल्लेख गरी निवेदन साथ पेश गर्नु पर्नेछ ।

११. यसमा उल्लेख भए बाहेक अन्य कुरा छुट हुन गएमा स्थानीय सरकार संचालन ऐन २०७४ र आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. ठेक्का स्वीकृत नहुन्जेल तोकिएको नदी तथा खोलाको ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको कर संकलन नगर कार्यपालिकाले तोकेको दरको अनुरुप नगरपालिकाबाट गरिने हुँदा सम्बन्धित व्यक्ति वा संस्थाले ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि प्रयोग गर्दा तोकिए बमोजिम कर तिरेर मात्र उक्त सामाग्री प्रयोग एवम् निकासी पैठारी गराउनु हुन सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । तोकिएको कर नतिरी उक्त कारोवार गरे गराएको पाईएमा कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ । यस नगरपालिकाको नामको कुनै पनि कर बाँकी वक्यौता भएमा वोलपत्र दर्ता गर्न पाईने छैन । दर्ता भएको बोलपत्र बाँकी वक्यौता रहेको प्रमाणित भएमा रद्द गरिने छ ।

१३. अन्य थप वुझ्नु पर्ने भएमा कार्यालय समयभित्र फोन नं. ०३७-५२०२१३ मा सम्पर्क राख्न सकिने छ ।

१४. ठेकेदारले वन जंगल वा अन्य हानी नोक्सानी नहुने गरी ढुंगा, गिट्टी, वालुवा झिक्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१५. यस नगरपालिकाको कार्यालयले ठेक्का सञ्चालन सम्वन्धमा समय समयमा दिएका नीति निर्देशनहरु पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

१६. ठेकेदारले नदीको प्राकृतिक बहाव नखलबलने गरी ढुंगा, गिट्टी, वालुवा, झिक्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१७. ठेकेदारले व्यक्ति तथा समुदायबाट निर्माण गरिएका भौतिक संरचनाहरुको हानी नोक्सानी हुन नदिने गरी ढुंगा, गिट्टी, वालुवा झिक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१८. ठेकेदारले जलचर तथा माछाहरुलाई प्रतिकुल प्रभाव नपर्ने गरी ढुंगा, गिट्टी, वालुवा झिक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

१९. नदी किनारवाट भूक्ष्य हुने गरी डिल, भिर, भित्तो खनीखोर्सी गरी ढुंगा, गिटी, वालुवा झिक्न पाईने छैन ।

२०. गाडीमा प्रयोग हुने ईन्धन तथा लुब्रिकेट्श खोलामा मिसाउन पाईने छैन ।

२१. ठेकेदारले स्थानीय मागको आपूर्तिलाई प्रथामिकता दिनु पर्नेछ ।

२२. ठेकेदारले नगरपालिकाले तोकेको प्राविधिकको निर्देशनमा ढुंगा, गिट्टी, बालुवा झिक्नु पर्नेछ ।

२३. ठेकेदारले सामाजिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने कुनै क्रियाकलाप गर्न पाईने छैन ।

२४. सम्बन्धित निकायले अनुगमन गर्दा कानूनको मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कार्यवाही गरिने छ ।

२५. बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक सूचना प्राप्त भएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र ठेक्का पट्टा वा चलानी पूँर्जी लिन आउनु पर्नेछ । नआएमा वा बुझाउनु पर्ने रकम नबुझाएमा (परफरमेन्स बण्ड) र अन्य आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेमा धरौटी रकम जफत गरिनेछ । दोश्रो वोलपत्र दाताको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा पुनः वोल पत्र आह्वान गर्ने वा नगर्ने सम्पुर्ण अधिकार स्थानीय तह आर्थिक प्रशासन नियमावली २०६४ वमोजिम यस कार्यालयमा निहित रहने छ ।

सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ओखलढुंगा
२०७३

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत